# बोलपत्र आह्वानको सूचना

नेपाल सरकार

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## सूचना तथा प्रसारण विभाग

तिलगंगा, काठमाडौं

(बोलपत्र सूचना नं. १ प्रथम पटक प्रकाशित मिति २०७६/०४/१५ )

**नेपाल सरकारबाट मिति २०७०।०६।०६ मा स्वीकृत पत्रकार दुर्घटना बीमा निर्देशिका, २०७० बमोजिम चालु आ.व. २०७६/०७७ मा पत्रकारको लागि दुर्घटना बीमा गर्ने प्रयोजनका लागि इच्छुक बीमा कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र आहवान गरिन्छ ।**

**शर्तहरु :**

१ बोलपत्र फाराम खरिद गर्न इच्छुक बीमा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले तीस (३०) दिनभित्र कम्पनीको अद्यावधिक इजाजतपत्र, मूल्य अभिबृद्धि कर दर्ता (भ्याट) प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र र आ.ब. २०७४।०७५ को कर चुक्ता प्रमाणपत्रहरु नोटरी पब्लिकबाट प्रमाणित गराई आवेदनसाथ संलग्न गरी रु. १,०००।- एक हजार (फिर्ता नहुने गरी) नगदी रसिद भुक्तानी गरी सूचना तथा प्रसारण विभागको सञ्चारग्राम, तिलगंगा, काठमाण्डौबाट कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ । उल्लेखित कागजातहरु बोलपत्र फाराम साथ समेत पेश गर्नु पर्नेछ ।

२ बोलपत्र पेश गर्ने बीमा कम्पनीले आफ्नो संस्थाको नाम र ठेगाना स्पष्ट खुलाई, छाप लगाई खाममा लाहाछाप गरी यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र सूचना तथा प्रसारण विभाग तिलगंगा काठमाडौंमा दर्ता गराउनु पर्नेछ ।

३ बोलपत्र फाराम साथ पन्ध्र सयको संख्यालाई आधार मानी कबोल गरेको कूल रकमको २.५ प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप रकम कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौंको धरौटी खाता नं. **१२०१२००००१००२५२४** मा नेपाल राष्ट्र बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनको मान्य अवधि रहने गरी बाणिज्य बैंक वा वित्तिय संस्थाबाट जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) संलग्न हुनु पर्नेछ । (सार्वजनिक खरीद ऐन र नियम ५३ (२) र ५४)

४ बोलपत्र खरिद वा दर्ता गर्ने बीमा कम्पनीले आफूले सम्पन्न गर्नुपर्ने सम्बन्धित आवश्यक सम्पूर्ण कार्यहरु सम्बन्धमा राम्रोसँग बुझी, स्वीकार गरी बोलपत्र फारम दर्ता गराएको मानिनेछ ।

५ एक बीमा कम्पनीको नाममा खरिद भएको बोलपत्र फाराम अर्को बीमा कम्पनीको नामबाट दर्ता गराउन पाइने छैन ।

६ बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ । (सार्वजनिक खरीद ऐन र नियम ५३ (२) र ५४)

७ विभागमा रितपूर्वक दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन अपरान्ह २:०० बजे यस विभागको कार्यालयका प्रतिनिधिहरु तथा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस विभागको सञ्चारग्राम, तिलगंगा, काठमाण्डौ स्थित कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेको अवस्थामा समेत बोलपत्रहरु खोल्न बाधा पर्ने छैन ।

८ बोलपत्र दार्ता गर्ने एवं खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९ बोलपत्रदाताको तर्फबाट कुनै शर्त राख्न पाइने छैन । तोकिएको समय भित्र प्राप्त नभएको, यस सूचनाको शर्त बिपरित भएको वा रित नपुगेको बोलपत्र माथि कुनै कारबाही हुने छैन ।

१० विभागबाट बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले सात दिन भित्र स्वीकृत बोलपत्रदाताले आफूले कबोल गरेको अङ्कको पाँच (५) प्रतिशतले हुन आउने रकम कार्य सम्पादन जमानत स्वरुपको रकम यस विभागले तोकेको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा विभागबाट जानकारी प्राप्त भएको मितिबाट कम्तिमा १२० दिनको मान्य अवधि रहने गरी बाणिज्य बैंक वा वित्तिय संस्थाबाट जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) संलग्न हुनु पर्नेछ ।

११ बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने वा सूचना नै रद्द गर्ने अधिकार समितिमा निहित रहने छ ।

१२ विमित व्यक्तिले दावी भुक्तानी सूचना तथा प्रसारण विभागको सिफारिसमा पाउनेछ ।

१३ यस सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र सूचना तथा प्रसारण विभाग, तिलगंगा काठमाण्डौमा आई बुझ्न सकिनेछ ।

१४ यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।